लुम्बिनी प्रदेश सरकार
**कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
योजना तथा अनुगमन महाशाखा
राप्ती उपत्यका(देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. :- ०८१/८२
च.नं. :- ९१३

मिति :- वि.सं. २०८१/१२/१२
**ने.स.** :- ११४५ चिल्लागा ११ मंगलवार

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा

श्री कृषि विकास निर्देशनालय, बुटवल, रुपन्देही
श्री पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय, बुटवल, रुपन्देही

प्रस्तुत विषयमा मिति २०८१।१२।०६ गतेको बैठक मार्फत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट संयुक्त रुपमा तयार पारिएको "कृषि तथा सिंचाइका कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गर्ने विधि- २०८१", स्वीकृत भई जारी गरीएको हुँदा आवश्यक कार्याथ यसै पत्रसाथ संलग्नराखी पठाईएको व्यहोरा अनुरोध छ ।

..........................................
(हरि प्रसाद पण्डित)
अधिकृत दशौं
महाशाखा प्रमुख

सादर अवगतार्थ :
माननीय मन्त्री ज्यू, कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश।

आज मिति २०८१।१२।०६ गते बिहान ८.३० बजे बुधवारका दिन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, लुम्बिनी प्रदेशको सभाहलमा तपशिल बमोजिमको उपस्थितीमा कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय बिच समन्वय गरी योजना तर्जुमा, कार्यन्वयन र अनुगमन कार्यलाई प्रभावकारी बनाउन समन्वय संयन्त्रको आवश्यकता सम्बन्धी बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती:-

१) मा. मन्त्री दिनेश पन्थी, कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय

२) मा. मन्त्री सिता शर्मा चौधरी, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

३) प्रदेश सचिव, श्री यामनारायण देवकोटा, कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय

४) प्रदेश सचिव, श्री विष्णु भण्डारी, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

५) उर्जा माहाशाखा प्रमुख, महेश पोखेल, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

६) योजना तथा अनुगमन महाशाखा प्रमुख, हरिप्रसाद पण्डित, कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय

७) ब.ई. श्री सुबोध गुरागाई, सिंचाई शाखा, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय

८) ब.हा.जी श्री बिष्णु उपाध्याय, भूमिगत सिंचाई शाखा, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय

९) बरिष्ठ कृषि प्रसार अधिकृत, बिनोद सुनार, कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय

**निर्णयहरु:-** कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको साझा उद्देश्य कृषि उत्पादकत्व वृद्धि गर्नु रहेको छ र उद्देश्य प्राप्तिको लागि दुवै मन्त्रालयहरुले आ-आफ्नो तरिकाले कार्य सम्पादन गर्दै आईरहेकोमा दुवै मन्त्रालय बीच समन्वय गरी योजना तर्जुमा, कार्यन्वयन र अनुगमन कार्यलाई प्रभावकारी बनाउन समन्वय संयन्त्रको आवश्यकता महशुस भएकाले दुवै मन्त्रालयहरुले संयुक्त रुपमा तयारी पारिएको "कृषि तथा सिंचाइका कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गर्ने विधि-२०८१" स्वीकृत गरि सयुंक्त रुपमा जारी गर्ने निर्णय गरियो ।

लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# कृषि तथा सिंचाइका कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गर्ने बिधि-२०८१

१) <u>प्रस्तावनाः</u>

लुम्बिनी प्रदेशको कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३१.९% रहेको छ । यस प्रदेशमा ६९१,३३१ हेक्टर खेतियोग्य कृषि भूमि रहेकोमा ६,५५,००० हेक्टर कृषि भूमिमा सिंचाइ सुविधा पुर्याउन सकिने भएतापनि हालसम्म करिव ३,६३,५२५ (५५.७%) हेक्टरमा मात्र खेतीयोग्य भूमिमा सिंचाई सेवा पुगेको अवस्था छ । लुम्विनी प्रदेशमा अन्तर्गतका कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको साझा उद्देश्य कृषि उत्पादकत्व वृद्धि गर्नु रहेको छ र उद्देश्य प्रासिको लागि दुवै मन्त्रालयहरुले आ-आफ्नो तरिकाले कार्य सम्पादन गर्दै आईरहेकोमा दुवै मन्त्रालय बीच समन्वय गरी योजना तर्जुमा, कार्यन्वयन र अनुगमन कार्यलाई प्रभावकारी बनाउन समन्वय संयन्त्रको आवश्यकता महशुस भएकाले दुवै मन्त्रालयहरुले यो "<u>कृषि तथा सिंचाइका कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गर्ने विधि- २०८१</u>" स्वीकृत गरि सयुंक्त रुपमा जारी गरिएको छ ।

## <u>२. कार्यक्रम समन्वय विधिः- समिति गठन, बैठक र समितिको कार्यविवरण</u>

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विच प्रभावकारी समन्वय (नीति निर्माण, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन तहमा) हुनको लागि तपशिल बमोजिमको समन्वय समिति गठन गरी कृषि तथा सिचाई सम्बन्धी बिभिन्न आवश्यक कार्यहरु सम्पादन गरिनेछ ।

### २.१ मन्त्रालयस्तरीय समन्वय समिति

(१) कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्गदर्शन तथा निर्देशनका लागी मन्त्रालयस्तरमा देहाय बमोजिमको समन्वय समिति हुनेछ ।

मा. सीता शर्मा चौधरी
मन्त्री
... सिंचाइ मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | |
|---|---|---|
| १ | सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | अध्यक्ष |
| २ | महानिर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| ३ | महाशाखा प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सदस्य |
| ४ | महाशाखा प्रमुख, जलश्रोत तथा सिंचाइ महाशाखा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सदस्य |
| ५ | शाखा प्रमुख, योजना तथा जनशक्ति शाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सदस्य |
| ६ | इन्जिनियर, योजना शाखा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सदस्य |
| ७ | महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको अध्यक्षता आलोपालो प्रणाली वा प्रस्तावको विषयवस्तु अनुसार सम्बन्धीत मन्त्रालयको सचिवको अध्यक्षतामा संचालन गरिनेछ र समितिको अध्यक्षता हुने व्यवस्था भएको अर्को मन्त्रालयको सचिब स्वत समितिको सदस्य हुनेछ ।

(३) समितिको सचिवालय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा रहनेछ।

(४) समितिको बैठक कम्तिमा बर्षको ४ पटक बस्नेछ र कुनै बिषय विज्ञ वा पदाधिकारी वा अन्य सरोकारवाला निकायको प्रमुख वा प्रतिनिधीलाई (नेपाल बिधुत प्राधिकरण लगायत समेत) समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिम गठन भएको मन्त्रालय स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्या समाधानको लागि सहजिकरण गर्ने ।

सीता शर्मा चौधरी
मन्त्रालय

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

(ख) वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समन्वय गर्ने ।

(ग) प्रत्येक जिल्लामा कम्तीमा १ वटा सिंचाई आयोजनाको सिंचित क्षेत्रफलमा संयुक्त रुपमा नमूना परियोजना संचालन हुने गरी आबश्यक ब्यवस्था मिलाउने ।

(घ) संयुक्तरुपमा कार्यक्रमको अनुगमन गरी सहजीकरण तथा पृष्ठपोषण गर्ने ।

(ङ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई आवश्यक निर्देशन दिने ।

(च) मन्त्रालयस्तरीय समन्वय समिति बाट भए गरेका काम कार्वाहीको प्रतिवेदन दुवै मन्त्रालयका माननीय मन्त्रीज्यूहरु समक्ष पेश गर्ने।

२.२.जिल्लास्तरीय समन्वय समिति

(१) जिल्लास्तरमा समन्वय र कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्नको लागी देहाय बमोजिमको जिल्लास्तरीय समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| १ | प्रमुख, कृषि ज्ञान केन्द्र/जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय/भूमिगत जलश्रोत तथा सि.वि.डि.का./सिंचाई व्यवस्थापन कार्यालय | अध्यक्ष |
| २ | इन्जिनियर, योजना शाखा, जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | सदस्य |
| ३ | अधिकृत, भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | सदस्य |
| ४ | Association organizer/sub-engineer जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | सदस्य |
| ५ | फोकल अधिकृत, कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

(२) उप दफा (१) बमोजिम गठन भएको समितिको अध्यक्षता आलोपालो प्रणालीमा वा प्रस्तावको विषयवस्तु अनुसार सम्बन्धीत कार्यालयको प्रमुखको अध्यक्षतामा संचालन गरिनेछ र समितिको अध्यक्षता हुने व्यवस्था भएको कार्यालयको प्रमुख स्वत समितिको सदस्य हुनेछ र समितिको सचिवालय कृषि ज्ञान केन्द्रमा रहनेछ ।

मा. सीता शर्मा चौधरी
मन्त्री
...ोत तथा सिंचाइ मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(३) समितिको बैठक वर्षको कम्तिमा ४ पटक बस्नेछ र कुनै विज्ञ, पदाधिकारी, स्थानीय तहका प्रमूख, उपप्रमूख तथा सरोकारवाला निकायको कार्यालय प्रमुख वा प्रतिनिधीलाई (नेपाल बिधुत प्राधिकरणको शाखा वा उपशाखा कार्यालय समेत) समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम गठन भएको जिल्लास्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) सम्बन्धित पालिकासंग समन्वय गरि जिल्लास्तरमा संचालन भएका सिचाई आयोजनाहरुको प्रोफाइल तयार गर्ने ।

(ख) संचालनमा भएका सिचाई आयोजनाको सिंचित क्षेत्रमा कृषि उत्पादकत्व तथा वाली सघनता बृद्धि सम्बन्धी जानकारीको अभिलेख राख्ने ।

(ग) उन्नत कृषि प्रवर्द्धनको लागि स्थान विशेष बालीवस्तुको पहिचान गरी बिस्तार गरिने क्षेत्रफल र उत्पादनको आंकलन गर्ने र उक्त क्षेत्रमा सिचाई सम्वन्धी आधुनिक प्रबिधिको विकास र बिस्तारका लागि सम्बन्धित कार्यालयले बार्षिक योजना तर्जुमामा कार्यक्रम प्रस्ताव गरी कार्यक्रम कार्यान्वियन गर्ने ।

(घ) स्थानीय तह तथा संघीय कार्यालय संग समेत समन्वय गरी कार्यक्रम तर्जुमा तथा कार्यान्यिन गर्नुपर्ने ।

(ङ) कृषि पकेट क्षेत्रमा सिंचाई पूर्वाधार प्रणालीको विकासका लागि प्रस्ताव गर्ने ।

(च) सिंचाई सुविधा पुगेको क्षेत्रमा कृषि विकास कार्यक्रम लैजाने ।

(छ) बाँझों र असिंचित क्षेत्रमा सिंचाई पुर्याउन नयाँ प्रविधिमा जोड दिने ।

(ज) संघ सरकारसँग समन्वय गरेर निर्माण गर्नुपर्ने सिचाई प्रणाली भए मन्त्रालयस्तरिय समन्वय समितिमा छलफलका लागी पठाउने ।

मा. सीता शर्मा चौधरी
मन्त्री
जलस्रोत तथा सिंचाइ मन्त्रालय

(झ) संचालित कार्यक्रमको संयुक्त अनुगमन गर्ने ।

(ञ) सम्पादित कार्यक्रमको प्रगति आ-आफ्नो तालुक निकायमा नियमित रुपमा पठाउने।

३. विविध

कार्यक्रम कार्यान्वयनमा कुनै समस्या आइपरेमा वा कुनै बाधा उत्पन्न भएमा विषयसंग सम्बन्धीत मन्त्रालयस्तरीय समन्वय समितिले वाधा अड्काउ फूकाउन सक्नेछ । समन्वयात्मक कार्य संचालन गर्ने सम्बन्धि यो विधि आवश्यकता अनुसार दुवै मन्त्रालयको सहमतिमा थपघट, हेरफेर वा संशोधन गर्न सकिनेछ ।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

मा. सीता शर्मा चौधरी
मन्त्री
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय